मेरिङदेन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(योजना, अनुगमन तथा तथ्याङ्क शाखा)
सान्थाक्रा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

प.सं. :- ०७८/०७९
च.नं. :- १४६

मितिः- २०७८/०५/१५ गते

**विषय :- *उपभोक्ता समिति गठन/पुनर्गठन/ अनुमोदन गरी पठाउने बारे।***

**श्री वडा कार्यालय (सबै),**
**मेरिङदेन गाउँपालिका, ताप्लेजुङ ।**

यस कार्यालयबाट चालु आर्थिक वर्ष ०७८/०७९ को त्यस वडा क्षेत्रको लागि विनियोजन गरिएको बजेट संलग्न सूचीका आधारमा कार्यान्वयन गर्नका लागि तपशिलमा उल्लेखित शर्तहरुको आधारमा उपभोक्ता समिति गठन/पुनर्गठन/अनुमोदन गरी वडा कार्यालय तथा सम्बन्धित निकायको सिफारिस पत्र समेत संलग्न राखी गठित उपभोक्ता समितिलाई २०७८ साल असोज ३१ गते भित्रमा योजना दर्ता, नविकरण तथा संझौता गर्न पठाईदिनु हुन अन्यथा कार्यालयले अन्य वैकल्पिक माध्यमबाट कार्यक्रम कार्यान्वयन गर्ने भनि मितिः २०७८ साल साउन १७ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार जानकारी गराइन्छ । **साथै उपभोक्ता समितिले श्रम मुलक प्रविधिबाट कार्य गर्न नसक्ने भएमा कार्यालयले नियमानुसार कार्य अगाडी बढाउने भएकोले यस कार्यालयमा यथाशिघ्र लिखित जानकारी गराईदिनु हुन समेत अनुरोध छ।**

**तपशिल**

१. उपभोक्ता समितिको गठन सम्बन्धित वडा सचिवको रोहवरमा आयोजना स्थलमा नै आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने लाभान्वित समूहको आम भेला बोलाई **७ देखि ११** सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ साथै सो समितिका सदस्यहरु सामान्यतया साक्षर हुनुपर्नेछ । यसरी गठन गरिएको उपभोक्ता समितिको पदाधिकारीको नाम ठेगाना सहित **बाबु, बाजेको नाम (तीन पुस्ते)** समेत उल्लेख गर्नुपर्नेछ ।
२. उ.स. गठन गर्दा सर्वसम्मत तरिकाले चयन गर्नु पर्नेछ ।
३. उ.स. को सदस्यहरु मध्ये कम्तीमा **३३ प्रतिशत महिला** सदस्यहरु अनिवार्य हुनु पर्नेछ ।
४. उपभोक्ता समिति गठन गर्दा आयोजना आसपास तथा प्रत्यक्ष लान्भावित हुने मध्येबाट छनौट गर्नुपर्नेछ ।
५. उ.स. को अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला सदस्य अनिवार्य हुनु पर्नेछ र एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।
६. उ.स. मा उपलब्ध एवं संभव भएसम्म दलित, महिला, आदिवासी जनजाति, पिछडिएका समुदाय आदि समेतको प्रतिनिधित्व हुनु पर्नेछ ।

इन्द्र ... देम्बे
प्रमुख प्रशासकीय अधिकृत

प.सं. :- ०७८/०७९
च.नं. :-

मितिः- २०७८/०५/१५ गते

७. उ.स.ले अनिवार्य रुपमा आफ्नो **एनसिसि बैंक मेरिङदेन शाखामा अध्यक्ष, सचिव र कोषाध्यक्ष** तीनै जनाको संयुक्त दस्तखतबाट **खाता** संचालन गर्नुपर्नेछ ।

८. तोकिएको समयभित्र उ.स. गठन हुन नसकेमा कार्यालयले अन्य वैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सक्नेछ ।

९. उपभोक्ता समिति गठन गर्दा कै बखतमा कम्तीमा १ जना महिला सहित ५ जना उपभोक्ताहरु सदस्य रहने गरी एक **अनुगमन समिति** गठन गर्नु पर्नेछ ।

१०. रु. २५ हजार भन्दा माथिको कारोवार गर्दा अनिवार्य रुपमा बैंक मार्फत गर्नु पर्नेछ ।

११. उ.स. बाट कार्य संचालन गर्दा अनिवार्य श्रममूलक प्रविधिबाट गर्नु पर्नेछ । उक्त शर्त बमोजिम कार्य भएको नदेखिएमा सम्झौता अन्त्य गर्न सकिनेछ ।

१२. उ.स. ले संचालन गर्ने गरी संझौता भएको योजना तथा कार्यक्रम उ.स.ले अन्यबाट कार्यान्वयन गराउन पाइने छैन ।

१३. साविककै उ.स. बाट योजना संचालन गर्ने भएमा आम भेलाले उक्त साविककै उ.स. लाई अनुमोदन गर्नुपर्नेछ ।

१४. **लाभको पदमा रहने व्यक्ति, बहालवाला शिक्षक, कर्मचारी, निर्माण व्यवसायी, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति** उ.स.को सदस्य हुन पाउने छैन ।

१५. विगत आ.व. हरुमा संचालन भएका **योजनाहरुको फरफारक नगराउने र महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा पेश्की बेरुजू** भएका व्यक्तिलाई योजनाको उ.स. को पदाधिकारीमा राख्न पाईने छैन ।

१६. आयोजना संचालन हुने वडा दुई वा सो भन्दा बढी भएमा सम्बन्धित सबै वडा वा सम्बन्धित प्रतिनिधिको समन्वयमा उ.स. गठन गर्नु पर्नेछ ।

१७. उ.स. गठन गर्दा वडा सचिव वा निजले तोकेको वडाको कर्मचारी वा सम्बन्धित प्रतिनिधिको रोहवरमा गराउनु पर्नेछ । यसरी खटिने कर्मचारी वा सम्बन्धित प्रतिनिधिले उ.स. गठन गरे पछि सो सम्बन्धी प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

१८. प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कर्मचारी वा प्रतिनिधि वा संस्थालाई समेत कारवाही हुनेछ ।

१९. उक्त विनियोजन भएको रकमको थप **२० प्रतिशत लागत सहभागिता** उपभोक्ता समितिले श्रम वापत व्यहोर्नुपर्नेछ ।

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

प.सं. :- ०७८/०७९
च.नं. :-

मितिः- २०७८/०५/१५ गते

२१.योजना सम्झौता गर्न आउँदा उपभोक्ता समितिका सबै पदाधिकारी तथा सदस्यहरुको नागरिकताको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। साथै समितिका पदाधिकारीहरुको हालसालै खिचेको पासपोर्ट १/१ प्रति ल्याउनुपर्नेछ।

२२.विद्यालयको भवन निर्माण/मर्मत गर्नको लागि विद्यालय व्यवस्थापन समिति बाहेकको छुट्टै निर्माण/मर्मत उ.स. गठन गर्नुपर्नेछ।

२३.स्वास्थ्य चौकी भवन निर्माण/मर्मत गर्नको लागि स्थानिय स्वास्थ्य व्यवस्थापन समिति बाहेकको छुट्टै निर्माण/मर्मत उ.स. गठन गर्नुपर्नेछ।

२४.उपभोक्ता समितिले खरिद गर्नुपर्ने भएमा सार्वजानिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियमावली २०६४ मा भएका सम्पूर्ण प्रक्रिया पुरा गरि माग फारम, खरिद आदेश, दाखिला प्रतिवेदन, जिन्सी निरीक्षण प्रतिवेदन संलग्न गर्नुपर्नेछ।

२५.यसै पत्रसाथ संलग्न सुची बाहेकको अन्य योजना तथा कार्यक्रमको हकमा तोकिए बमोजिम गर्नुपर्नेछ।

२२.अन्य कुराहरु प्रचलित कानुन तथा सम्झौतामा उल्लेखित शर्त बमोजिम हुनेछ।

..............................
(डम्बर बहादुर आङदेम्बे)
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :**

श्री अध्यक्षज्यूको सचिवालय, मेरिङदेन गाउँपालिका, सान्थाक्रा, ताप्लेजुङ।

श्री उपाध्यक्षज्यूको सचिवालय, मेरिङदेन गाउँपालिका, सान्थाक्रा, ताप्लेजुङ।

श्री राजस्व तथा आर्थिक प्रशासन शाखा, मेरिङदेन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ताप्लेजुङ।

श्री पूर्वाधार विकास तथा भवन नियमन शाखा, मेरिङदेन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सान्थाक्रा, ताप्लेजुङ।

मेरिङदेन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, ताप्लेजुङ
कार्यालयको कोड : ८०१०१५०४३००
Budget appropriation in accordance with program / project

रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८०१०१५०४१०१ मेरिङदेन गाउँपालिका | | | | | | | | | | |
| १ | गुराँसे पोखरी युवा समाज दुइ तले ३ कोठे भवन निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११२ | आन्तरिक ऋण - नगद ऋण | २ | गोटा | ० | २,५० | २,५० | ५,०० |
| २ | थुकिमा कृषि सहकारी भण्डारण भवन निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११२ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | १,२५ | २,५० | १,२५ | ५,०० |
| ३ | मेवाखोला बप्तिस मण्डली भवन निर्माण | सम्पदा पूर्वाधार | ३१११२ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | ७५ | ७५ | १,५० | ३,०० |
| ४ | इङसवा थाङबेन क्लब भवन मर्मत | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | ० | ५० | १,५० | २,०० |
| ५ | चाँगा सामुदायिक इकाइ भान्सा घर निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | १ | संख्या | ० | ५० | ५० | १,०० |
| ६ | दोभान बजारको महादेव मन्दिर मर्मत संभार | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | १ | संख्या | ० | १,०० | ० | १,०० |
| ७ | नाल्बु स्वास्थ्य चौकीमा भान्सा घर निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | ० | १,०० | १,०० | २,०० |
| ८ | वनेम गाउँघर क्लिनिक भवनलाइ प्लाष्टर रंग रोगन | पुननिर्माण | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | ० | १,०० | १,०० | २,०० |
| ९ | सक्रान्ते बजार शिव मन्दिरको मर्मत/पुननिर्माण | पुननिर्माण | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | १ | संख्या | ० | ५० | ५० | १,०० |
| १० | सिम्ले खेलमैदान स्तरबृद्वि | पुननिर्माण | ३१११४ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | १,२५ | १,२५ | २,५० | ५,०० |
| ११ | ३ नं. वडा कार्यालय देखि गाउँपालिका जोड्ने मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | ३ | कि.मि. | १,५० | ३,०० | ४,५० | ९,०० |
| १२ | आगु हुँदै ओख्राबु हेल्थपोष्ट जोड्ने कृषि सडक निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | १ | कि.मि. | ० | ४,९७ | ४,९७ | ९,९५ |
| १३ | पिपलबोट सिमेजा हुँदै मेरिङदेन सडक जोड्ने सडक स्तरोउन्नति/निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,५० | १,५० | ३,०० | ६,०० |
| १४ | रातमाटे हेलुङ्वा हुँदै सुर्माटार जोड्ने मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,५० | १,५० | ३,०० | ६,०० |
| १५ | सेङखानेम्बा देखि कोलबोटे सम्म मोटरबाटो जोड्ने सडक निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ७५ | ७५ | १,५० | ३,०० |
| १६ | सामाबुङ सिरानको सानो खोल्सामा आरसिसि पुल निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | गोटा | ० | २,५० | २,५० | ५,०० |
| १७ | हत्तक्मा देवीथान जोड्ने मोटरबाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,२५ | १,२५ | २,५० | ५,०० |
| १८ | हेम्फे हुँदै खन्द्रुका जोड्ने कृषि सडक निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,२५ | १,२५ | २,५० | ५,०० |
| १९ | हाङगुवा देखि महबुङ हुँदै तेन्थाप मोटरबाटो सडक जोड्ने सडक निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,२५ | १,२५ | २,५० | ५,०० |
| २० | सान्थाक्रा ग्रामीण विद्युत तारपोल खरिद तथा अन्य निर्माण | उर्जा | ३११५३ | आन्तरिक श्रोत - नगद | २ | गोटा | ० | ३,५० | ३,५० | ७,०० |
| २१ | गैरीगाउँ खानेपानी मर्मत | जलश्रोत तथा सिंचाई | ३११५५ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | ० | १,०० | १,०० | २,०० |
| २२ | जंगले कुलो मर्मत | जलश्रोत तथा सिंचाई | ३११५५ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,२५ | २,५० | १,२५ | ५,०० |
| २३ | थुकिमा वडा कार्यालय खानेपानी निर्माण | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | ० | २,५० | २,५० | ५,०० |
| २४ | भिरकुना खानेपानी निर्माण | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | ३ | संख्या | ५० | ५० | २,०० | ३,०० |
| २५ | महाश्रेङ खानेपानी घरघरमा धारा निर्माण | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | ५ | संख्या | १,०० | २,०० | २,०० | ५,०० |
| २६ | यक्तुवालाइनका स्थानिय खानेपानी आयोजना मर्मत | खानेपानी तथा सरसफाई | ३११५६ | प्रदेश नंबर १ - नगद अनुदान | २ | घ.मि. | ० | १,७५ | ५,२५ | ७,०० |
| २७ | लिङ्तेप डाँडागाउँ खानेपानी मर्मत | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | ३ | कि.मि. | ५० | ५० | ५० | १,५० |
| २८ | हेलुङ्वा हावापाटी कुटानी पिसानी मिल निर्माण | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | ० | १,०० | ० | १,०० |
| २९ | हेलुङ्वा हावापाटी कुटानी पिसानी मिल निर्माण | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक श्रोत - नगद | २ | संख्या | ५० | ० | ५० | १,०० |
| ८०१०१५०४२०१ मेरिङदेन गाउँपालिकावडा नं.१ | | | | | | | | | | |
| ३० | थुङथाप सामुदायिक स्वास्थ्य इकाइ प्रतिक्षालय निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११२ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ५० | ५० | ० | १,०० |
| ३१ | थिङलाबु महिला सहकारी भवन निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११२ | आन्तरिक ऋण - नगद ऋण | २ | गोटा | १,०० | १,०० | २,०० | ४,०० |
| ३२ | छयाङना दोर्ची इप्काङ शौचालय निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | २५ | २५ | ५० | १,०० |
| ३३ | ओख्राबु आ.वि. घेराबारा तथा खेलमैदान प्राङ्गण निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११४ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ४५ | ४५ | ९० | १,८० |
| ३४ | तबेबुङ ओख्राबुडाँडा मोटरबाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ६२ | ६२ | १,२५ | २,५० |
| ३५ | थिङलाबु यक्थुबा मोटरबाटो सोलिङ | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ७५ | ७५ | १,५० | ३,०० |
| ३६ | देउराली याक्तेली मोटरबाटो स्तरोन्नति | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ० | १,०० | १,०० | २,०० |
| ३७ | लिङबाङ देखि आँगु जोड्ने मोटरबाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,७५ | १,७५ | ३,५० | ७,०० |

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७५ | लिङतेप वडा भवन घेराबारा तथा खानेपानी जडान | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ५० | ५० | १,०० | २,०० |
| ७६ | लिङतेप स्वास्थ्य चौकी चेन गेट तथा फर्निचर तथा झ्याल ढोका निर्माण | भवन, आवास तथा सहरी विकास | ३११२३ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ५० | ५० | १,०० | २,०० |
| ७७ | कान्छीचौक देखि कङलाङसम्म जाने मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ८७ | ८७ | १,७५ | ३,५० |
| ७८ | चण्डीडाँडा पावा हुँदै आवाजुङ जाने मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,०० | १,०० | २,०० | ४,०० |
| ७९ | तेम्बेवा देखि महाश्रेङ जाने मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,०० | १,०० | २,०० | ४,०० |
| ८० | तेम्बेवा देखि सेलजङ जाने मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,०० | १,०० | २,०० | ४,०० |
| ८१ | दिङला कृषि सडक होमपाइप तथा मेशनरी वाल निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,०० | १,०० | २,०० | ४,०० |
| ८२ | ध्वजेडाँडा देखि फिलिङ्गे आवाजुङ हुँदै गुराँसेपोखरी जाने मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,०० | १,०० | २,०० | ४,०० |
| ८३ | पिङडाँडा मालबाँसे चण्डीडाँडा अवजुङ हुँदै गुराँसेपोखरी जाने मोटर बाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,०० | १,०० | २,०० | ४,०० |
| ८४ | पिपलबोटे हुँदै सिमैजा जोड्ने मोटरबाटो निर्माण तथा मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,०० | १,०० | २,०० | ४,०० |
| ८५ | बगालेबर देखी श्रीगंगा जाने मोटरबाटो निर्माण तथा मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,६२ | १,६२ | ३,२५ | ६,५० |
| ८६ | श्री राजारानी प्रा.वि. देखि लामायुङ जाने मोटरबाटो मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,०० | १,०० | २,०० | ४,०० |
| ८७ | आरुबोटे सिचाइ कुलो मर्मत | खानेपानी तथा सरसफाई | ३११५५ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ५० | ५० | १,०० | २,०० |
| ८०१०१५०४२०५ मेरिङदेन गाउँपालिकावडा नं.५ | | | | | | | | | | |
| ८८ | घुमाउने पाताल सामुदायिक भवन निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११२ | आन्तरिक ऋण - नगद ऋण | २ | गोटा | ० | १,०० | १,०० | २,०० |
| ८९ | थुकिमा प्रहरी चौकी भवन फाउण्डेशन निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११२ | आन्तरिक ऋण - नगद ऋण | ३ | ब.मि. | ५० | ५० | ५० | १,५० |
| ९० | नारी बचत तथा ऋण सहकारी संस्था विद्युत जडान र ग्रील निर्माण | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | ० | ७५ | ७५ | १,५० |
| ९१ | महाश्रेङ स्वास्थ्य चौकी मर्मत | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | २ | गोटा | ० | ५० | ५० | १,०० |
| ९२ | सुन्दुबो सामुदायिक वन उपभोक्ता समितिको कार्यालय व्यवस्थापन | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | २ | पटक | २५ | २५ | ५० | १,०० |
| ९३ | केवाबुङ नाक्ला जोड्ने कृषि सडक निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,५० | ७५ | ७५ | ३,०० |
| ९४ | तेर्से सुर्के मा.वि. जोड्ने मोटरबाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,२५ | ० | १,२५ | २,५० |
| ९५ | थुकिमा लाक्ताम शेर्पाटोल कृषि सडक मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ० | १,२५ | १,२५ | २,५० |
| ९६ | दुङवा कृषि सडक निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ० | १,०० | १,०० | २,०० |
| ९७ | दलित कृषि सडक निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ० | १,७५ | १,७५ | ३,५० |
| ९८ | माश्रेङ सुम्सोलोक तगारे सिङथापा हुँदै शेर्पाटोल जोड्ने कृषि सडक मर्मत | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,२५ | ० | १,२५ | २,५० |
| ९९ | लुम्बुवा बर देखि तामाङ गाउँ जोड्ने कृषि सडक निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,२५ | १,२५ | २,५० | ५,०० |
| १०० | शेर्पा मानेडाँडा तेर्सेटोल वरक जोड्ने कृषि सडक निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | १,२५ | १,२५ | २,५० | ५,०० |
| १०१ | वडाअध्यक्षको दृष्टि घरघरमा उज्यालो श्रृष्टी लङ्वाखोला लघुजलविद्युत अपरेटर व्यवस्थापन खर्च | उर्जा | ३११५३ | आन्तरिक ऋण - नगद ऋण | ४ | पटक | ६० | ६० | १,२० | २,४० |
| १०२ | खाम्बुक कुलो मर्मत | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | १ | ब.मि. | ० | ५० | ५० | १,०० |
| १०३ | दोखुम्बा खानेपानी पाइप खरिद | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | १ | गोटा | ० | ५० | ० | ५० |
| १०४ | मयायुङ खानेपानी पाइप खरिद | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | १ | संख्या | ० | ५० | ० | ५० |
| १०५ | वरक्मा खानेपानी मर्मत | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | १ | ब.मि. | ० | ५० | ० | ५० |
| १०६ | शेर्पा टोल मुहान थुकिमा खानेपानी निर्माण | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | ३ | ब.मि. | ५,०० | ५,०० | ५,०० | १५,०० |
| १०७ | सोरुवा खानेपानी योजना | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ० | १,०० | १,०० | २,०० |
| १०८ | अन्य सार्वजानिका निर्माण | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक ऋण - नगद ऋण | १ | पटक | ० | ६७ | ६७ | १,३५ |
| ८०१०१५०४२०६ मेरिङदेन गाउँपालिकावडा नं.६ | | | | | | | | | | |
| १०९ | स्वास्थ्य चौकी भवन व्यवस्थापन योजना | भवन, आवास तथा सहरी विकास | ३१११३ | आन्तरिक ऋण - नगद ऋण | २ | पटक | ० | २,५० | २,५० | ५,०० |
| ११० | चाँगा खेलमैदान तारजाली घेराबारा | सम्पदा पूर्वाधार | ३१११४ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ० | २,२५ | २,२५ | ४,५० |
| १११ | गुम्बाभन्जाङ देखि गाउँघर क्लिनिक ताप्लेजुङ आ वि साम्बाबुङ टोल मोटरबाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ० | ५,०० | ५,०० | १०,०० |
| ११२ | नाल्बु स्वास्थ्य चौकी बथिङ सेन्टर बाट वडा कार्यालय हुँदै साम्याङ्वा जोड्ने मोटरबाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ० | ३,५० | ३,५० | ७,०० |
| ११३ | मलिङखोला बिपुमा आरसिसि पुल निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ० | २,५० | २,५० | ५,०० |
| ११४ | साङजिम पुछार अगेडपुल छेउ बाटो मर्मत तथा घेराबारा | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ० | १,०० | १,०० | २,०० |
| ११५ | साम्युक टोल थाक्चुङ जोड्ने मोटरबाटो निर्माण | यातयात पूर्वाधार | ३११५१ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ० | २,२५ | २,२५ | ४,५० |

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११६ | फाम्फामा खोल्सा खजुम्मा खेत सिँचाइ कुलो निर्माण | खानेपानी तथा सरसफाई | ३११५५ | आन्तरिक ऋण - नगद ऋण | २ | कि.मि. | ० | २,०० | २,०० | ४,०० |
| ११७ | खजुम्मा यक्पा संक्रान्ते खानेपानी मर्मत | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ० | १,०० | १,०० | २,०० |
| ११८ | याखा डाँडा खानेपानी मर्मत | खानेपानी तथा सरसफाई | ३११५६ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ० | १,०० | १,०० | २,०० |
| ११९ | ताप्लेजुङ आ.वि. ठेसगारो निर्माण | भवन, आवास तथा सहरी विकास | ३११५९ | आन्तरिक ऋण - नगद ऋण | २ | ब.मि. | ० | २,५० | २,५० | ५,०० |
| ८०१०१५०४३०१ मेरिङदेन गाउँपालिका - शिक्षा | | | | | | | | | | |
| १२० | नमुना सुर्के मा.वि. भवन निर्माण HPF सँगको साझेदारी | शिक्षा | ३१११२ | आन्तरिक ऋण - नगद ऋण | २ | संख्या | ० | १५,०० | १५,०० | ३०,०० |

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

मेरिङदेन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सान्थाक्रा,ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

# सम्झौताको लागि आवश्यक कागजातहरुको चेक लिष्ट

| क्र.सं. | कागजातहरुको विवरण | छ | छैन |
|---|---|---|---|
| १. | उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णय छ/छैन | | |
| २. | उपभोक्ता समितिका सबै पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि छ/छैन | | |
| ३. | अनुगमन समिति गठन गरेको (उपभोक्ताहरु मध्येबाट) छ /छैन | | |
| ४. | उपभोक्ता समितिले योजना कार्यान्वयन तालिका बनाएको छ/छैन | | |
| ५. | लागत अनुमान तयार भएको छ/छैन | | |
| ६. | पेश्की माग गर्नुपर्ने खालका योजना भए पेश्की माग गर्ने निर्णय छ/छैन | | |
| ७. | सम्झौता गर्न अख्तियारी दिइएको छ/छैन | | |
| ८. | बैक खाता सञ्चालन सम्बन्धी निर्णय र पदाधिकारीको विवरण छ/छैन | | |
| ९. | उपभोक्ता समितिका पदाधिकारीको नाममा बेरुजू नभएको स्वघोषणा-पत्र छ/छैन | | |
| १०. | वडाको सिफारिस (उ.स. का पदाधिकारीको विवरणसहितको) छ/छैन | | |
| ११. | उपभोक्ता समितिको सम्झौता गर्ने सम्बन्धि निवेदन छ/छैन | | |
| १२. | भवन निर्माणको हकमा (भवन मापदण्ड बमोजिमको कागजात) छ/छैन | | |
| १३. | उ.स. का अध्यक्ष, सचिव तथा कोषाध्यक्षको सम्पर्क नं. | | |
| १४. | उपभोक्ता समितिको विधान | | |
| १५. | वडा सचिवको उपस्थितिमा गठन भएको छ/छैन | | |

**चेक गर्नेको नामः**
**हस्ताक्षरः**
**पदः**
**मितिः**